# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६४।६५ को पहिलो एघार महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६४/६५ को पहिलो एघार महिनासम्ममा विस्तृत मुद्राप्रदाय २०.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त मुद्राप्रदाय १०.५ प्रतिशतले बढेको थियो। त्यस्तै, अघिल्लो वर्षको यसै अवधिमा संकुचित मुद्राप्रदाय ६.४ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १६.५ प्रतिशतले बढेको छ। मुद्राप्रदायका दुवै विस्तारकारी स्रोतहरु खुद वैदेशिक तथा आन्तरिक सम्पत्तिको वृद्धि उल्लेख्य रहेकोले मुद्राप्रदाय उच्च दरले बढेको हो।

२. आवधिक निक्षेप समीक्षा अवधिमा २१.९ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त निक्षेप १२.५ प्रतिशतले बढेको थियो। उच्च विप्रेषण आप्रवाहको कारणले आवधिक निक्षेप बढेको हो। साथै, अघिल्लो वर्ष चलनचल्तीमा रहेको मुद्रा ३.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा उक्त मुद्रा १९.८ प्रतिशतले बढेको छ। ग्रामीण क्षेत्रसम्म विप्रेषण प्रवाहको विस्तार, सरकारी राहत खर्चमा वृद्धि र संविधान सभाको निर्वाचनको कारण बढेको सरकारी खर्चले चलनचल्तीमा रहेको मुद्रा बढेको हो।

### खुद वैदेशिक सम्पत्ति

३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू २४ अर्ब २५ करोड (१८.४ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त सम्पत्ति रू ६ अर्ब ३४ करोड (४.५ प्रतिशत) ले बढेको थियो। उल्लेख्य विप्रेषण आप्रवाह र वैदेशिक सहायताको वृद्धिले गर्दा खुद वैदेशिक सम्पत्ति बढेको हो।

### कुल आन्तरिक कर्जा

४. अघिल्लो वर्ष आन्तरिक कर्जा १२.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १७.६ प्रतिशतले बढेको छ। निजी क्षेत्रतर्फको बैंक कर्जा विस्तार उल्लेख्य रहेकोले समीक्षा अवधिमा आन्तरिक कर्जा बढेको हो। अघिल्लो आर्थिक वर्षको पहिलो एघार महिनासम्म १७.२ प्रतिशतले बढेको निजी क्षेत्रतर्फको बैंक कर्जा समीक्षा अवधिमा २३ प्रतिशत अर्थात रु.६२ अर्ब ८१ करोडले बढेको छ। समीक्षा अवधिमा उत्पादन, आवास तथा गैर-आवास निर्माण क्षेत्र, थोक तथा खुद्रा व्यापार र घरजग्गा खरीदतर्फ उल्लेख्य कर्जा विस्तार भएको छ। त्यसैगरी, फलाम तथा स्टीलजन्य उत्पादन र खाद्य प्रशोधनतर्फ पनि बैंक कर्जा उच्च रहेको छ।

**वाणिज्य बैंकहरूसँगको तरलता**

५. आर्थिक वर्ष २०६४।६५ को पहिलो एघार महिनासम्ममा वाणिज्य बैंकहरूको तरल सम्पत्ति ७.१ प्रतिशतले बढी कुल रू १४० अर्ब ४७ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सम्पत्ति ०.२ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैकहरूको कुल तरल सम्पत्तिमध्ये तरल कोष रु. ७६ अर्ब २३ करोड रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको भन्दा १७.४ प्रतिशतले बढी छ । समीक्षा अवधिमा नेपाल सरकारको ऋणपत्रमा गरेको लगानी रु. ६४ अर्ब २६ करोड रहेको छ । २०६५ जेठ मसान्तसम्म वाणिज्य बैंकहरुको तरल सम्पति सोही अवधिको कुल निक्षेपको ३४.९ प्रतिशत रहेको छ ।

**तरलता व्यवस्थापन**

६. समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय हस्तक्षेपमार्फत् वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्ब ३८ करोड खुद खरीद गरी रू ८९ अर्ब ११ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त हस्तक्षेपमार्फत् अमेरिकी डलर ८१ करोड ४४ लाख खुद खरीद गरी रू ५७ अर्ब ८६ करोड बराबरको खुद तरलता प्रवाह भएको थियो । उच्च विप्रेषण आप्रवाहले गर्दा विदेशी विनिमय बजारमा खरीद हस्तक्षेप बढेको हो ।

७. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ३९ करोड बिक्री गरी रू ८९ अर्ब ५५ करोड बराबरको भा.रू. खरीद भएको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर ८२ करोड भारतीय मुद्रा बजारमा बिक्री गरी रू ५७ अर्ब ३६ करोड बराबरको भा.रू. खरीद भएको थियो । भारतसँगको बढ्दो चालू खाता घाटा र नेपाल आयल निगमले भारतीय आयल निगमलाई तिर्नुपर्ने बक्यौता अघिल्लो वर्षभन्दा बढी भुक्तानी गरेकोले समीक्षा अवधिमा भा.रू. खरीद बढेको हो ।

८. समीक्षा अवधिमा खुला बजार कारोवारअन्तर्गत रिभर्स रिपो बोलकबोल उपकरणमार्फत् रू ६ अर्ब ५७ करोड र बिक्री बोलकबोलमार्फत् रू ९ अर्ब ९० करोड गरी कुल रू १६ अर्ब ४७ करोड बराबरको तरलता प्रशोचन भएको छ भने रिपो बोलकबोलमार्फत् कुल रू ९ अर्ब बराबरको तरलता प्रवाह भई खुद तरलता प्रशोचन रु.७ अर्ब ४७ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा बिक्री बोलकबोलबाट रू १६ अर्ब २५ करोड र रिभर्स रिपो बोलकबोलबाट रू १४ अर्ब ६ करोड गरी कुल रू ३० अर्ब ३१ करोड बराबरको तरलता प्रशोचन भएको थियो । रिपो बोलकबोलमार्फत् प्रवाह भएको कुल रू २ अर्ब बराबरको तरलता प्रवाहलाई समायोजन गर्दा अघिल्लो वर्ष खुद तरलता प्रशोचन रू २८ अर्ब ३१ करोड रहेको थियो ।

९. आर्थिक वर्ष २०६४।६५ को पहिलो एघार महिनाको अवधिमा वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकबाट उपयोग गरेको स्थायी तरलता सुविधा कर्जा कुल रु. १०२ अर्ब १० करोड पुगेको छ । अघिल्लो आर्थिक

वर्षको यसै अवधिमा वाणिज्य बैंकहरुले उपयोग गरेको स्थायी तरलता सुविधा कर्जा कुल रु. ३१ अर्ब २९ करोड रहेको थियो ।

१०. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबीचको कुल अन्तर बैंक कारोवार रू २४२ अर्ब ३८ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त कारोवार रू १५६ अर्ब २० करोड रहेको थियो । वाणिज्य बैंकहरुको नगद कोष व्यवस्थापन कार्यमा सुधार आएको र पूँजी बजारतर्फ बैंक कर्जामा विस्तार आएकोले कुल अन्तर बैंक कारोवार समीक्षा अवधिमा उल्लेख्य बढेको हो ।

**अल्पकालीन व्याजदर**

११. समीक्षा अवधिमा ९१ दिने ट्रेजरी विलको भारित औसत मासिक व्याजदर ५.४१ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा ट्रेजरी विलको सो व्याजदर २.१७ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष भारित औसत मासिक अन्तर बैंक व्याजदर २.७२ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ४.६४ प्रतिशत रहेको छ ।

**धितोपत्र बजार**

१२. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्क ६१.८ प्रतिशतले वृद्धि भई २०६५ जेठ मसान्तमा ९३०.६५ विन्दुमा पुगको छ । यो सूचकाङ्क २०६४ जेठ मसान्तमा ५७५.०४ थियो ।

१३. बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा १०९.० प्रतिशतले वृद्धि भई २०६५ जेठ मसान्तमा रु. ३२४ अर्ब ५० करोड पुगेको छ । २०६५ जेठ मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३९.५ प्रतिशत पुगेको छ । २०६४ जेठ मसान्तमा यस्तो अनुपात २१.४ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा विगतमा झैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् ।

१४. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि २४.० प्रतिशत रही २०६५ जेठ मसान्तमा रु.२६ अर्ब ६२ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो ।

१५. २०६५ जेठ मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १४८ पुगेको छ । २०६४ जेठ मसान्तमा यो संख्या १३४ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये ११३ वटा वित्तीय संस्था, २१ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ५ वटा व्यापारिक संस्था, ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

१६. २०६५ जेठ मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसँगको अनुपात ०.६९ प्रतिशत पुगेको छ । यस्तो अनुपात २०६४ जेठ मसान्तमा ०.५३ प्रतिशत रहेको थियो ।

१७. शेयरबजारको उतारचढाव मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको रोलिंग स्ट्याण्डर्ड डेभिएशन २०६४ जेठ मसान्तमा ६७.४ रहेकोमा २०६५ जेठ मसान्तमा १०९.२ पुगेको छ ।

१८. प्राथमिक निष्काशनतर्फ, आर्थिक वर्ष २०६४/६५ को पहिलो एघार महिनासम्ममा नेपाल धितोपत्र वोर्डले १६ वटा कम्पनीहरुलाई रु ६३ करोड २६ लाख बरावरको साधारण शेयर, अन्य ४१ वटा कम्पनीहरुलाई रु ६ अर्व १४ करोड २६ लाख वरावरको हकप्रद शेयर र नेपाल विद्युत प्राधिकरणसहित तीनवटा कम्पनीहरुलाई रु २ अर्ब ४० करोड बरावरको डिवेञ्चरसमेत गरी जम्मा रु ९ अर्ब १७ करोड ५२ लाखको थप नयाँ निष्काशन अनुमति प्रदान गरेको छ । यसै महिनामा रु.२९ करोड १५ लाख वरावरको वोनस शेयर स्टक एक्सचेन्जमा सूचीकृत भएको छ ।

१९. नेपाल स्टक एक्स्चेन्ज लिमिटेडले २०६५ वैशाख २२ गतेदेखि ओ.टि.सि. (ओभर द काउन्टर) मार्केटको सुरुवात गरेकोछ । यसवाट नेपाल स्टक एक्स्चेन्जमा सूचीकरण नभएका तथा सूचीकरणबाट हटाइएका कम्पनीहरुको शेयर कारोवार हुनसक्ने वातावरण तयार भएको छ ।

२०. नेपाल सरकारले आर्थिक वर्ष २०६४/६५ को पहिलो एघार महिनासम्ममा रु ८ अर्ब १२ करोड ५० लाखको ट्रेजरी बिल, रु ३ अर्ब ९० करोडको विकास ऋणपत्र र रु १ अर्ब ३० करोडको नागरिक बचतपत्रको प्राथमिक निष्काशन गरेको छ ।

## मुद्रास्फीति र ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

२१. आर्थिक वर्ष २०६४।६५ को पहिलो एघार महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ११.० प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति ४.५ प्रतिशत रहेको थियो । खाद्य तथा पेय पदार्थ समूह (१३.० प्रतिशत) का साथै गैरखाद्य तथा सेवा समूह (९.० प्रतिशत) को मूल्य समेत उल्लेख्य रुपले वृद्धि भएकोले समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो वर्षको भन्दा समीक्षा अवधिमा अधिक रहेको हो । अघिल्लो वर्ष यी समूहहरुको मूल्य वृद्धि क्रमश: ५.८ प्रतिशत र ३.१ प्रतिशत रहेको थियो ।

२२. २०६५ जेठमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये खाने तेल तथा घ्यू, खाद्यान्न तथा खाद्यजन्य पदार्थ, माछामासु तथा फुल, दलहन, दूध तथा दुग्धजन्य पदार्थ र रेष्टुरेण्ट खाना उपसमूहहरुको मूल्य वृद्धि भएको छ । खाने तेल तथा घ्यू उपसमूहको वार्षिक विन्दुगत मूल्य वृद्धि सबैभन्दा बढी २९.३ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस उपसमूहको मूल्य वृद्धि ९.१ प्रतिशत रहेको थियो । यसैगरी खाद्यान्न तथा खाद्यजन्य उपसमूहको वार्षिक विन्दुगत मूल्य वृद्धि २१.२ प्रतिशत रहेको छ । २०६४ जेठमा यस उपसमूहको वार्षिक विन्दुगत मूल्य वृद्धि  ५.० प्रतिशत रहेको थियो । यस उपसमूहमा पर्ने चामल तथा चामलजन्य वस्तुहरुको वार्षिक विन्दुगत मूल्य वृद्धि २५.१ प्रतिशत रहको छ । २०६४ जेठमा चामल तथा चामलजन्य वस्तुहरुको वार्षिक विन्दुगत मूल्य वृद्धि ३.२ प्रतिशत रहेको थियो ।  २०६५ जेठमा माछामासु तथा फुल, दलहन, दूध तथा दूधजन्य पदार्थ र रेष्टुरेण्ट खाना उपसमूहहरुको विन्दुगत मूल्य वृद्धि क्रमशः १२.६ प्रतिशत, ११.१ प्रतिशत, १०.५ प्रतिशत र ११.२ प्रतिशत रहेको छ । २०६४ जेठमा यी उपसमूहहरुको वार्षिक विन्दुगत मूल्य वृद्धि क्रमशः ४.३ प्रतिशत, ८.० प्रतिशत ६.१ प्रतिशत र ४.० प्रतिशत रहेको थियो ।

२३. २०६५ जेठमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये घरायसी वस्तु तथा सेवा (१६.७ प्रतिशत) र सूर्ती तथा सूर्तीजन्य वस्तु (१०.५ प्रतिशत) को वार्षिक विन्दुगत मूल्य वृद्धि प्रतिशत दुई अङ्कको रहेको छ । अघिल्लोवर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य वृद्धि क्रमशः २.६ प्रतिशत र ५.२ प्रतिशत रहेको थियो ।

२४. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा तराईमा सबैभन्दा बढी ११.७ प्रतिशत मूल्य वृद्धि भएको छ भने पहाडमा १०.८ प्रतिशत र काठमाडौ उपत्यकामा १०.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ४.२ प्रतिशत, ४.३ प्रतिशत र ४.९ प्रतिशत रहेको थियो ।

२५. २०६५ जेठमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति ८.३ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति ५.० प्रतिशत रहेको थियो ।

**थोक मुद्रास्फीति**

२६. राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर २०६४ जेठमा ५.६ प्रतिशत रहेकोमा २०६५ जेठमा १२.९ प्रतिशत रहेको छ । २०६५ जेठमा थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु, स्वदेशी उत्पादित

वस्तु तथा आयातीत वस्तुहरुको मूल्य क्रमशः १०.८ प्रतिशत, १३.९ प्रतिशत र १५.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लोवर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य क्रमशः ६.१ प्रतिशत, ८.२ प्रतिशत र ३.५ प्रतिशतले वृद्धि भएको थियो ।

२७. २०६५ जेठमा कृषिजन्य वस्तुहरुमध्ये खाद्यवस्तुको वार्षिक विन्दुगत मूल्य वृद्धि २२.३ प्रतिशत, दलहन १५.३ प्रतिशत, पशुजन्य आहार १४.५ प्रतिशत र फलफूल तथा तरकारीको १०.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य वृद्धि क्रमशः २.० प्रतिशत, ९.९ प्रतिशत, ४.० प्रतिशत र २.२ प्रतिशत (नकारात्मक) रहेको थियो । २०६४ को जेठमा २६.२ प्रतिशतले मूल्य वृद्धि भएको नगदेवालीको मूल्य भने २०६५ जेठमा १६.३ प्रतिशतले घटेको छ ।

२८. २०६५ जेठमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये निर्माण सामग्री र खाद्यजन्य वस्तुको मूल्य क्रमशः १९.७ र १६.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो वृद्धि क्रमशः १२.७ प्रतिशत र ९.५ प्रतिशत रहेको थियो ।

२९. आयातीत वस्तुहरुमध्ये २०६५ जेठमा पेट्रोलियम पदार्थ तथा कोइलाको मूल्य सबैभन्दा बढी ३२.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मूल्य वृद्धि २.१ प्रतिशत रहेको थियो । यसैगरी, २०६५ जेठमा रासायनिक मल तथा रासायनिक वस्तुहरु र यातायात तथा मेशिनरी वस्तुहरुको वार्षिक विन्दुगत मूल्य वृद्धि क्रमशः ११.९ प्रतिशत र ११.४ प्रतिशत रहेको छ । २०६४ जेठमा यी वस्तुरुको वार्षिक विन्दुगत मूल्य वृद्धि क्रमशः ४.२ प्रतिशत र २.७ प्रतिशत रहेको थियो ।

**राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क**

३०. २०६५ जेठ महिनामा वार्षिक बिन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ८.१ प्रतिशतले वृद्धि भएको छ । २०६४ जेठमा सो सूचकाङ्क ११.६ प्रतिशतले बढेको थियो । तलब तथा ज्यालादर सूचकाङ्कमध्ये तलब उपसूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर समीक्षा अवधिमा १०.९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा ६.२ प्रतिशतले बढेको थियो । २०६४ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा सरदर १७.० प्रतिशतको खुद वृद्धि भएकोले यस अवधिमा तलव सूचकाङ्कमा बढी चाप परेको हो । ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा ७.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा यो सूचकाङ्क १३.६ प्रतिशतले बढेको थियो । २०६५ जेठमा

ज्यालादरअन्तर्गत कृषि मजदूर, औद्योगिक मजदूर र निर्माण मजदूरको ज्यालादर सूचकाङ्क क्रमश: ९.६ प्रतिशत, ३.३ प्रतिशत र ९.०, प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो सूचकाङ्क क्रमश: ९.४ प्रतिशत, २०.७ प्रतिशत र ११.२ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति

### सरकारी बजेट घाटा/बचत

३१. आर्थिक वर्ष २०६४।६५ को पहिलो एघार महिनासम्ममा सरकारी बजेट रु.९ अर्ब ३० करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा बजेट रु. ६ अर्ब ९३ करोडले घाटामा रहेको थियो । साधन परिचालनको तुलनामा सरकारी खर्चको वृद्धिदर उच्च रहेकाले समीक्षा अवधिमा सरकारी बजेट घाटामा विस्तार आएको हो ।

३२. कुल बजेट घाटा पूर्ति गर्ने क्रममा नेपाल सरकारले आन्तरिक ऋण (अधिविकर्ष बाहेक) कुल रु. १३ अर्ब ३३ करोड परिचालन गरेको छ भने नेपाल राष्ट्र बैंकमा सरकारको रु. ६ अर्ब ६५ करोड बराबरको नगद मौज्दात रहेको छ । अघिल्लो वर्षको यस्तो मौज्दात रकम रु. ३ अर्ब १२ करोड समेत समावेश गर्दा सो नगद मौज्दात रु. ९ अर्ब ७७ करोड हुनआउँछ ।

३३. समीक्षा अवधिमा रु ७ अर्ब ३१ करोड आन्तरिक ऋणको भुक्तानी समेत भएकोले अधिविकर्षसहित नेपाल सरकारको खुद आन्तरिक ऋण परिचालन ऋणात्मक रु. ६३ करोड ३६ लाख रहेको छ ।

३४. २०६५ वैशाख मसान्तसम्ममा नेपाल सरकारको कुल आन्तरिक ऋण (नेपाल राष्ट्र बैंकसँगको नगद मौज्दात समावेश गरी) रु. ९५ अर्ब ५५ करोड रहेको छ । आर्थिक वर्षको शुरुमा नेपाल सरकारको यस्तो ऋण रु. ९६ अर्ब १८ करोड रहेको थियो ।

३५. कुल बजेट घाटा पूर्ति गर्ने स्रोतहरुमध्ये वैदेशिक ऋण १७.८ प्रतिशतले बढी समीक्षा अवधिमा रु. ३ अर्ब १८ करोड परिचालन भएको छ । अघिल्लो वर्षको यसै अवधिमा नेपाल सरकारले रु. २ अर्ब ७० करोड वैदेशिक ऋण प्राप्त गरेको थियो ।

**सरकारी राजस्व र वैदेशिक नगद अनुदान**

३६. आर्थिक वर्ष २०६४।६५ को पहिलो एघार महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन २६.५ प्रतिशतले वृद्धि भई रु. ९० अर्ब १७ करोड पुगेको छ । अघिल्लो वर्ष राजस्व २०.८ प्रतिशतले बढेको थियो । आयातको उल्लेख्य वृद्धिका कारण भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क राजस्वमा वृद्धि हुनुको साथै करदाता सहभागितामा वृद्धि हुन गई आयकर एवम् गैर-कर राजस्वमा समेत वृद्धि भएकोले राजस्व परिचालनको वृद्धि समीक्षा अवधिमा उच्च रहेको हो ।

३७. कुल राजस्व परिचालनमध्ये मूल्य अभिवृद्धि कर राजस्व संकलन १८.८ प्रतिशतले वृद्धि भई २०६५ जेठ मसान्तमा रु. २८ अर्ब ७ करोड पुगेको छ । विप्रेषण आयमा भएको वृद्धिसँगै बढ्दो आयात तथा उपभोगमा भएको वृद्धि र मूल्य अभिवृद्धि करको क्षेत्रमा भएका प्रशासनिक सुधारहरु, जस्तैः ठूला करदाता इकाईको स्थापना, विलिङ्ग प्रणालीको सुदृढीकरण, ननफाइलरको व्यवस्थापन आदिको कारण मूल्य अभिवृद्धि कर राजस्व बढेको हो ।

३८. समीक्षा अवधिमा भन्सार राजस्व परिचालन २१.२ प्रतिशतले वृद्धि भई रु. १८ अर्ब पुगेको छ । अघिल्लो वर्ष भन्सार राजस्व ११.४ प्रतिशतले बढेको थियो । भन्सार प्रशासनमा भएको सुधार, उच्च भन्सार महसूल लाग्ने सवारी साधनको आयातमा भएको उल्लेख्य वृद्धि र भारतीय अन्तःशुल्क फिर्ता रकम पनि बढेकाले भन्सार राजस्वको वृद्धिदर उच्च रहेको हो ।

३९. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व २४.६ प्रतिशतले वृद्धि भई रु ९ अर्ब ४१ करोड परिचालन भएको छ । अघिल्लो वर्ष अन्तःशुल्क राजस्व ३५.८ प्रतिशतले बढेको थियो । अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु, अन्तःशुल्क लाग्ने नयाँ वस्तुहरुको पहिचान र उच्च अन्तःशुल्क लाग्ने हल्का सवारी साधनहरुको आयातमा उल्लेख्य वृद्धि भएको कारण समीक्षा अवधिमा अन्तःशुल्क राजस्व बढेको हो ।

४०. समीक्षा अवधिमा सरकारको आयकर राजस्व २९.८ प्रतिशतले वृद्धि भई रु. १४ अर्ब ५४ करोड परिचालन भएको छ । अघिल्लो वर्ष आयकर राजस्व ३१.४ प्रतिशतले बढेको थियो । बैंक तथा वित्तीय

संस्थाहरुको वृद्धिसँगै अर्थतन्त्रमा कर्पोरेट संस्कृतिमा विस्तार आएकोले समीक्षा अवधिमा आयकर राजस्वको वृद्धिदर उच्च रहेको हो ।

४१. आर्थिक वर्ष २०६४।६५ को पहिलो एघार महिनाको अवधिमा गैर-कर राजस्व ४१.७ प्रतिशतले वृद्धि भई रु. १५ अर्ब ५५ करोड परिचालन भएको छ । अघिल्लो वर्ष गैर-कर राजस्वको वृद्धिदर १९.७ प्रतिशत रहेको थियो । नेपाल राष्ट्र बैंकलगायत अन्य केही सरकारी संस्थानहरुबाट सरकारलाई प्राप्त हुने लाभांश रकम वृद्धि भएको, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण र नागरिक उड्डयन प्राधिकरण जस्ता संस्थानहरुबाट सरकारलाई साँवा फिर्ता प्राप्त भएका कारण गैर-कर राजस्वमा वृद्धि भएको हो ।

***वक्स १: २०६५ असार मसान्तसम्मको बजेट स्थिति***

- *२०६५ असार मसान्तसम्ममा सरकारी राजस्वको वार्षिक वृद्धि २२.६ प्रतिशत भई रु.१०७ अर्ब ५३ करोड पुगेको छ । २०६४ असारमा सरकारी राजस्वको वृद्धि २१.३ प्रतिशत रहेको थियो ।*
- *२०६५ असार मसान्तसम्ममा सरकारी खर्च १६.६ प्रतिशतले वृद्धि भई रु. १४६अर्ब ८ करोड पुगेको छ । अघिल्लो वर्ष सरकारी खर्च २३.३ प्रतिशतले वृद्धि भएको थियो । २०६५ असार मसान्तसम्ममा बजेट घाटा रु. १८ अर्ब ७१ करोड रहेको छ । अघिल्लो आर्थिक वर्ष बजेट घाटा रु. १८ अर्ब ७६ करोड थियो । २०६५ असार मसान्तसम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रु. ४ अर्ब ५९ करोड नगद मौज्दात रहेको छ । अघिल्लो आर्थिक वर्षको रु. ३ अर्ब १२ करोड नगद मौज्दात समेत समावेश गर्दा २०६५ असार मसान्तसम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग कुल रु. ७ अर्ब ७१ करोड नगद मौज्दात रहेको छ ।*
- *२०६५ असार मसान्तसम्ममा रु. ४० अर्ब ८४ करोड पूँजीगत खर्च भएको छ । अघिल्लो आर्थिक वर्ष पूँजीगत खर्च रु. ३२ अर्ब ३१ करोड रहेको थियो ।*

४२. न्यून वित्त परिचालन गर्ने सन्दर्भमा, आर्थिक वर्ष २०६४।६५ को पहिलो एघार महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद अनुदानवापत् रु.१४ अर्ब ६८ करोड प्राप्त भएको छ । अघिल्लो आर्थिक वर्ष रु.१३ अर्ब ३८ करोड वैदेशिक नगद अनुदान परिचालन भएको थियो । यस अवधिमा जर्मन सरकारले मध्य-मर्स्याङ्गदी जल विद्युत परियोजनाका लागि, एशियाली विकास बैंकले ग्रामीण पुनर्निर्माण तथा पुनस्थापना क्षेत्र विकास कार्यक्रमका लागि, विश्व बैंकले गरीबी निवारण कोष, सडक क्षेत्र सुधार आयोजना, सिंचाई तथा जलस्रोत व्यवस्थापन र सबैका लागि शिक्षा कार्यक्रमका लागि, युनिसेफले महिला तथा बालबालिकाका लागि विकेन्द्रित कार्यक्रम, खाद्य तथा पोषण कार्यक्रम तथा एचआइभी नियन्त्रण लगायतका विभिन्न परियोजनाहरुका लागि, फिनल्याण्ड सरकारले ग्रामीण खानेपानी तथा सरसफाई

कार्यक्रमका लागि उल्लेखनीय परिमाण्को वैदेशिक सहायता प्रदान गरेका कारण समीक्षा अवधिमा वैदेशिक नगद अनुदानको वृद्धि भएको हो ।

**सरकारी खर्च**

४३. आर्थिक वर्ष २०६४।६५ को पहिलो एघार महिनासम्म नगद प्रवाहमा आधारित कुल सरकारी खर्च १९.२ प्रतिशतले वृद्धि भई २०६५ जेठमा मसान्तमा रु. ११७ अर्ब ३५ करोड पुगेको छ । अघिल्लो वर्ष सरकारी खर्च २१.० प्रतिशतले बढेको थियो । चालू खर्च र पूँजीगत खर्चमा वृद्धि भएकाले अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा कुल सरकारी खर्च बढेको हो ।

४४. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च १९.१ प्रतिशतले वृद्धि भई २०६५ जेठ मसान्तमा रु. ७३ अर्ब पुगेको छ । अघिल्लो वर्ष चालू खर्च १५.४ प्रतिशतले वृद्धि भएको थियो । सरकारी कर्मचारीको तलव वृद्धि, द्वन्द्व व्यवस्थापनसम्बन्धी खर्च, विभिन्न शीर्षकमा गैर-बजेटरी खर्चको निकासा र संविधानसभाको निर्वाचन खर्चका कारण समीक्षा अवधिमा चालू खर्च अघिल्लो वर्षभन्दा बढेको हो ।

४५. आर्थिक वर्ष २०६४।६५ को पहिलो एघार महिनासम्म नेपाल सरकारको पूँजीगत खर्च ३५.८ प्रतिशतले वृद्धि भई २०६५ जेठमसान्तमा रु. २८ अर्ब २ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्च ५१.३ प्रतिशतले बढेको थियो । नेपाल सरकारले आयल निगमलाई पेट्रोलियम पदार्थको दायित्व भुक्तानीवापत् रु. ५ अर्ब ६० करोड ऋण प्रदान गरेको, कृषि विकास बैंकमा रु. १ अर्ब ७५ करोड र नेपाल विद्युत प्राधिकरणमा रु. १ अर्ब ५ करोड शेयर लगानी गरी सार्वजनिक संस्थानहरुमा रु. ८ अर्ब ८५ करोड लगानी भएको र गरीबी निवारण कोषलाई रु. १ अर्ब २० करोड भुक्तानी दिएकाले समीक्षा अवधिमा पूँजीगत खर्च बढेको हो । यसका अतिरिक्त स्थानीय समुदायको सहभागितामा ग्रामीण पूर्वाधार निर्माण (ट्रान्स्मिशन लाइन विस्तार, स्थानीय स्तरमा साना जल विद्युत आयोजना विस्तार, वैकल्पिक उर्जा विकास) मा गरिएको सरकारी लगानीका कारण पूँजीगत खर्च बढेको छ ।

## वाह्य क्षेत्र स्थिति

### वैदेशिक व्यापार र शोधनान्तर

४६. आर्थिक वर्ष २०६४/६५ को पहिलो एघार महिनामा बाह्य क्षेत्रमा मिस्रित उपलब्धि हासिल भएको छ । समीक्षा अवधिमा कुल निर्यात ०.४ प्रतिशतले बढेको छ जबकी अघिल्लो वर्षको पहिलो एघार महिनामा कुल निर्यात १.६ प्रतिशतले घटेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात ८.१ प्रतिशतले घटेको छ भने अन्य मुलुकतर्फको निर्यात २०.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको पहिलो एघार महिनामा भारततर्फको निर्यात १.८ प्रतिशतले बढेतापनि अन्य मुलुकतर्फको निर्यात ८.६ प्रतिशतले घटेको थियो ।

४७. भारततर्फ मुख्यतया वनस्पति घ्यू, कपडा, रसायन, खोटो तथा तयारी पोशाकको निर्यातमा कमी आउनाले त्यसतर्फको निर्यात घटेको हो । अन्य मुलुकतर्फ विशेषगरी दाल, नेपाली कागज र कागजबाट निर्मित वस्तु, जडीबूटी, गहुँ, कागजका प्याकिङ्ग सामग्री, सेरामिकका वस्तुहरु, विद्युतीय तार र स्टेशनरीको निर्यात बढ्नाले त्यसतर्फको निर्यात बढेको हो ।

४८. आर्थिक वर्ष २०६४/६५ को पहिलो एघार महिनामा कुल आयात १६.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल आयात १२.७ प्रतिशतले बढेको थियो । कुल आयातमध्ये भारतबाट भएको आयात समीक्षा अवधिमा २५.६ प्रतिशतले वृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात ३.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष भारत एवं अन्य मुलुकबाट भएको आयात क्रमशः ९.० प्रतिशत र १८.७ प्रतिशतले बढेको थियो ।

४९. आर्थिक वर्ष २०६४/६५ को पहिलो एघार महिनामा भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, एम.एस. विलेट, सवारी साधन तथा पाटपूर्जा, हट रोल्ड शीट इन्क्वाइल र कोल्ड रोल्ड शीट इन्क्वाइल एवं अन्य मुलुकबाट विशेषगरी दूरसंचारका सामग्री, अन्य मेशिनरी तथा पाटपूर्जा, सवारीसाधन तथा पाटपूर्जा, सुन र भिडियो, टेलिभिजन तथा पूर्जाको आयातमा उल्लेख्य वृद्धि आउनाले कुल आयात बढेको हो ।

५०. आर्थिक वर्ष २०६४/६५ को पहिलो एघार महिनामा समग्र शोधनान्तर स्थिति रू. २४ अर्व २५ करोडले बचतमा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा समग्र शोधनान्तर स्थिति रू. ६ अर्व ३४

करोडले बचतमा रहेको थियो। समीक्षा अवधिमा पर्यटन आय, विप्रेषण आप्रवाह एवं पूँजीगत ट्रान्सफरमा उल्लेख्य वृद्धि आएको कारण यस्तो वचत भएको हो। त्यसैगरी समीक्षा अवधिमा चालु खाता रु. १४ अर्व १३ करोडले बचतमा रहेको छ। अघिल्लो बर्षको सोही अवधिमा चालु खाता रु. २१ करोडले घाटामा रहेको थियो।

**विदेशी विनिमय सञ्चिति**

५१. २०६५ जेठ मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६४ असार मसान्तको तुलनामा २५.० प्रतिशतले बढी रू. २०६ अर्ब ४७ करोड पुगेको छ। आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा यस्तो सञ्चिति १.६ प्रतिशतले घटेको थियो। अमेरिकी डलरमा भने २०६४ असारदेखि २०६५ जेठ मसान्तसम्ममा कुल सञ्चिति १८.५ प्रतिशतले बढी अमेरिकी डलर ३ अर्ब २ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा ११.५ प्रतिशतले वढेको थियो। आर्थिक वर्ष २०६४/६५ को पहिलो एघार महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ११.१ महिनाको वस्तु आयात र ९.० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।

**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति**

५२. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६४ जेठ मसान्तमा प्रति व्यारल अमेरिकी डलर ७०.२२ रहेकोमा २०६५ जेठ मसान्तमा ९३.३६ प्रतिशतले बढी प्रतिव्यारल अमेरिकी डलर १३५.७८ पुगेको छ। त्यसैगरी सुनको मूल्य २०६४ जेठ मसान्तको तुलनामा २०६५ जेठ मसान्तमा ३२.५७ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर ६५३.२५ बाट अमेरिकी डलर ८६६.०० पुगेको छ।

**विनिमय दर प्रवृत्ति**

५३. २०६४ असार मसान्तको तुलनामा २०६५ जेठ मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.२६ प्रतिशतले अवमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग

१३.३० प्रतिशतले अधिमूल्यन भएको थियो । २०६४ जेठ मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ६५.४० रहेको थियो भने २०६५ जेठ मसान्तमा उक्त विनिमय दर रु. ६८.४५ रहेको छ ।